# स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको
# चौंतीसौं वार्षिक साधारण सभाको विवरण (माइन्यूट)

## १. वैधानिक सभा :

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडको मिति २०७७ साल मंसिर ३० गते बसेको संचालक समितिको ४०५औं बैठकको निर्णय अनुसार प्रचलित कम्पनी कानून तथा बैंकको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंकको चौंतीसौं वार्षिक साधारण सभा बैंकका संचालक समितिका अध्यक्ष जितेन्दर अरोराज्यूको अध्यक्षता प्रचलित कानुन बमोजिम तोकिएको सीमित शेयरधनीहरुको स्वयम् उपस्थिति तथा भिडियो कन्फ्रेन्सको माध्यमबाट भर्चुअल रुपमा भएको शेयरधनीहरुको उपस्थिति समेतबाट देहाय बमोजिम सम्पन्न भयो ।

## २. सभाको स्थान, मिति र समय :

२.१ स्थान : एभरेष्ट होटल, नयाँ बानेश्वर, काठमाण्डौं ।

२.२ मिति : २०७७ साल पुस २४ गते (तदनुसार ८ जनवरी २०२१), शुक्रबार ।

२.३ समय : दिउँसो १२:१५ बजे प्रारम्भ भई अपरान्ह १:४५ बजे सम्पन्न भयो ।

## ३. सभाको सूचना प्रकाशन :

३.१ साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरू सहितका विवरण खुलाई मिति २०७७ साल पुस २ गते बिहिबार (तदनुसार १७ डिसेम्बर २०२०) को 'आर्थिक अभियान' राष्ट्रिय दैनिक पत्रिकामा तथा मिति २०७७ साल पुस ३ गते, शुक्रबार (तदनुसार १८ डिसेम्बर २०२०) को 'नयाँ पत्रिका' राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

३.२ संचालक समितिको तर्फबाट अध्यक्षको मन्तव्य, वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण (संक्षिप्त आर्थिक विवरण) तथा अन्य विवरणहरू संक्षिप्त पुस्तिकाको रूपमा प्रत्येक शेयरधनी महानुभावहरूले उपलब्ध गराउनु भएको व्यक्तिगत ठेगानामा तथा ईमेल मार्फत पत्राचार गरी यथासमयमा पठाइएको थियो । साथै, शेयरधनी महानुभावहरुको जानकारीको लागि उक्त संक्षिप्त पुस्तिका बैंकको वेबसाइटमा समेत राखिएको थियो ।

## ४. सभाको विषय सूची :

**छलफलको विषय :**

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७६/०७७ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ ३१ गतेको वासलात, आ.व.२०७६/०७७ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तिय विवरण उपर छलफल गरी पारित गर्ने ।

३. संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु.४.८४ (अक्षेरुपी चार रुपैयाँ चौरासी पैसा) नगद लाभांश (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृत गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व.२०७७/०७८ का लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक स्वीकृत गर्ने । (बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३(२) तथा कम्पनी ऐन, २०६३ को दफा १११(३) को व्यवस्था अनुसार बहालवाला लेखापरीक्षक एस. आर. पाण्डे एण्ड कं. (चार्टर्ड एकाउन्टेन्ट्स्) पुनः नियूक्तिका लागि योग्य रहेको ।)

**ख. विशेष प्रस्ताव :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजीको ७ प्रतिशत (प्रति १०० शेयरमा ७ शेयर) का दरले हुन आउने रु. ५६,०८,००,१४७ (अक्षेरुपी छपन्न करोड आठ लाख एक सय सत्चालिस मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

२. प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) तथा नियमावलीको नियम ३१(३) र ६(११) मा संशोधन स्वीकृत गर्ने ।

३. प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै फेरवदल गर्न सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृति प्रदान गर्ने ।

**ग. विविध ।**

**५. उपस्थिति :**

**५.१. संचालकहरू :**

| | |
|---|---|
| (क) जितेन्दर अरोरा | - अध्यक्ष |
| (ख) क्यारेन डि एल्विस | - संचालक तथा संयोजक लेखापरीक्षण समिति र सदस्य जोखिम समिति |
| (ग) अनिर्वाण घोष दास्तिदार | - संचालक तथा प्रमुख कार्यकारी अधिकृत |
| (घ) कृष्ण कुमार प्रधान | - स्वतन्त्र संचालक तथा संयोजक जोखिम समिति |
| (ङ) भरत कुवँर | - सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने संचालक तथा संयोजक वित्तिय अपराध समिति तथा सदस्य लेखापरीक्षण समिति |

**५.२. प्रतिनिधिहरू :**

| | |
|---|---|
| (क) प्रनु सिंह | - स्ट्याण्डर्ड चार्टर्ड बैंक, लण्डन, संयुक्त अधिराज्य |
| (ख) सुरज लामिछाने | - स्ट्याण्डर्ड चार्टर्ड ग्रिण्डलेज पिटिवाई लिमिटेड, सिड्नी, अष्ट्रेलिया |

**५.३. पर्यवेक्षकहरू :**

| | |
|---|---|
| (क) दिवाकर शर्मा | - श्री कम्पनी रजिष्ट्रारको कार्यालय |

**५.४. शेयरधनीहरूको उपस्थिति :**

| | |
|---|---|
| (क) कुल शेयर (संख्यामा) | - ८०,११४,३०६.६७ |
| (ख) जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) | - ५६,३१५,२९४ |
| (ग) शेयरधनी स्वयंबाट प्रतिनिधित्व (संख्यामा) | - ६६,७७४ |
| (घ) संस्थापकको प्रतिनिधिबाट प्रतिनिधित्व(संख्यामा) | - ५६,२४८,५२० |
| (ङ) जम्मा उपस्थित शेयरधनीहरूको संख्या | - १५८ |
| (च) जम्मा शेयर संख्याको प्रतिनिधित्व (प्रतिशतमा) | - ७०.२९ प्रतिशत |

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरू मतदान गर्न योग्य हुनुहुन्थ्यो ।

**६. सभाको वैधानिकता र गणपुरक संख्या :**

६.१. साधारण सभा शुरू हुनु अघि कम्पनी सचिवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई बैंकको तर्फबाट स्वागत गर्नुहुँदै कम्पनी ऐन, २०६३, बैंकको प्रबन्ध-पत्र तथा नियमावली र प्रचलित नेपाल कानून बमोजिम चौंतीसौं वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली अनुरूप सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको सभालाई जानकारी गराउनुभयो ।

६.२. तत्पश्चात् निर्धारित विषय-सूचीको क्रमानुसार कानून बमोजिम सभा अगाडि बढ्यो ।

**७. सभाको अध्यक्षता र सभा संचालन :**

सभाको वैधानिकता यकिन भएपछि सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ र बैंकको नियमावलीको नियम ६(१) अनुसार बैंकको संचालक समितिका अध्यक्ष जितेन्दर अरोरा ज्यूलाई यस चौंतीसौं वार्षिक साधारण सभाको अध्यक्षता गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो र जितेन्दर अरोराज्यूले सभाको अध्यक्षता गर्नुभयो ।

## ८. संचालक समितिको चौतीसौं वार्षिक प्रतिवेदन प्रस्तुति :

८.१ सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा संचालक समितिका अध्यक्ष जितेन्दर अरोराज्यूले आफ्नो मन्तव्यको मुख्य मुख्य अंश पढेर सुनाउनु भयो ।

८.२. अध्यक्षको मन्तव्य प्रस्तुत भएपछि संचालक समितिको चौतीसौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात र मिति २०७६/०४/०१ देखि २०७७/०३/३१ सम्मको नाफा नोक्सानको हिसाब र सोही अवधिको नगद प्रवाह विवरण संलग्न अनुसूचीहरु उपर छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव तथा प्रश्न लिखित रूपमा राख्न ईच्छुक शेयरधनी महानुभावहरूलाई सभाका अध्यक्ष जितेन्दर अरोराज्यूले आह्वान गर्नुभयो ।

## ९. छलफलमा लिखित मन्तव्य सहित सहभागी हुनुभएका शेयरधनी महानुभावहरू :

छलफलका लागि अध्यक्षज्यूले आमन्त्रण गर्नु भए अनुसार सभामा निम्न शेयरधनी महानुभावहरूले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु राख्नु भयो ।

व्यास कुमार शर्मा
चन्द्र नारायण श्रेष्ठ
महेन्द्र बहादुर श्रेष्ठ
नरसिंह लाल चखु
रोज कुमार श्रेष्ठ
राजेश शाक्य
गुणराज भट्ट
मेजर कुवेर लाल श्रेष्ठ
उद्धव प्रसाद घिमिरे
शत्रुघन श्रेष्ठ
अमृतनाथ रेग्मी

## १०. शेयरधनीहरूबाट प्राप्त लिखित मन्तव्यको संक्षिप्त विवरण :

शेयरधनी महानुभावहरूले पेश गर्नुभएको लिखित मन्तव्य तथा सुझावका मुख्य बुँदाहरु देहाय बमोजिम संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ :

**व्यास कुमार शर्मा** ज्यूले बैंकले समग्रमा उत्कृष्ट कार्यसम्पादन पेश गरेको तथा सोको परिणाम स्वरुप इक्रा नेपालले गरेको मूल्यांकनमा लगातार दोस्रो बर्ष पनि बैंकले उत्कृष्टताका साथ AAA रेटिङ्ग कायम गर्नुले बैंकमा सम्पूर्ण शेयरधनीहरुको लगानी तथा निक्षेपकर्ताहरुको निक्षेप समेत सुरक्षित रहेको मन्तव्य प्रस्तुत गर्नुभयो । कोभिड-१९ जोखिम तथा सोबाट उत्पन्न हुन सक्ने अन्य असरहरुको पूर्वानुमान तथा मूल्यांकनमा बैंकले विशेष ध्यान पुऱ्याएको तथा सोको साथसाथै साइबर सुरक्षा तथा एटीएम ह्याकिङ्ग जस्ता विषयहरुलाई गहनताका साथ विश्लेषण गरी त्यस्ता जोखिमहरुबाट बैंकलाई सुरक्षित राखेकोमा खुशी व्यक्त गर्नुहुँदै आगामी दिनमा अझ उत्कृष्ट नतिजा हासिल गर्न बैंकलाई शुभकामना मन्तव्य प्रस्तुत गर्नुभयो ।

**चन्द्र नारायण श्रेष्ठ** ज्यूले बैंकले कोभिड १९ को असरको बीचमा पनि समग्रमा उत्कृष्ट कार्यसम्पादन पेश गरेको तथा सोको परिणाम स्वरुप इक्रा नेपालले गरेको मूल्यांकनमा बैंकले लगातार दोस्रो बर्ष पनि उत्कृष्टताका साथ AAA रेटिङ्ग हासिल गर्नुले बैंकमा सम्पूर्ण शेयरधनीको लगानी तथा निक्षेपकर्ताहरुको निक्षेप समेत सुरक्षित रहेको मन्तव्य प्रस्तुत गर्नुभयो । साथै, कोभिड १९ को जोखिमको बीचमा पनि बैंकले शेयरधनीहरुलाई प्रतिफल बाँड्न प्रस्ताव गर्नुले आगामी दिनमा अझ सुरक्षित रुपमा व्यवसाय बृद्धि गर्दै शेयरधनीहरुलाई उत्कृष्ट प्रतिफल प्रदान गर्न सक्नेमा विश्वस्त रहेको मन्तव्य प्रस्तुत गर्नुभयो ।

**महेन्द्र बहादुर श्रेष्ठ** ज्यूले बैंकले आन्तरिक नियन्त्रण प्रणाली बलियो बनाउँदै कोभिड १९ ले सिर्जना गरेको समस्या तथा विशेष रुपमा प्रभावित क्षेत्रहरुमा कर्जा जोखिमको विशेष रुपमा आंकलन गर्न लिखित सुझाव दिनु भयो । साथै, वित्तिय अपराध तथा साइबर सुरक्षाको क्षेत्रमा समेत विशेष ध्यान पुऱ्याउनुपर्ने सुझाव पेश गर्नुभयो । लगानीका नयाँ क्षेत्रहरुको पहिचान गर्दै शेयरधनीहरुलाई अगामी दिनमा लगानीको उचित प्रतिफल प्रदान गर्न बैंक सक्षम हुने समेत मन्तव्य प्रस्तुत गर्नुभयो ।

**नरसिंहलाल चख्खु** ज्यूले बैंकको प्रमुख सूचकहरु राम्रो रहेको तथा व्यवसाय विस्तारको बैंकको रणनीति मौलिक खालको रहेका धारणा व्यक्त गर्नुभयो । साथै, आफ्नो उत्कृष्टताको छविलाई निरन्तरता प्रदान गर्दै आगामी दिनमा नेपालको परिवेश अनुसार लगानी तथा प्रतिफलमा बृद्धि गर्दै जान तथा हालको भन्दा पनि अझ उत्कृष्ट नतिजा पेश गर्न बैंकलाई सुझाव दिँदै आगामी दिनहरुका लागि बैंकको व्यवस्थापन तथा समग्र बैंकलाई सफलताको कामना समेत व्यक्त गर्नुभयो ।

**रोज कुमार श्रेष्ठ** ज्यूले बैंकले आफ्नो उपस्थिति देशका अन्य क्षेत्रहरुमा पनि बढाउनुपर्ने तथा बोनश शेयरलाई समेत लाभांशको अंगको रुपमा समावेश गर्दा शेयरधनीहरुको मनोवलमा बृद्धि भई शेयर बजारमा समेत बैंकको मूल्य स्थीर हुने मन्तव्य प्रस्तुत गर्नुभयो । आगामी बर्ष समग्र मुनाफालाई थप बढाउन समेत सुझाव दिनुभयो ।

**मेजर कुवेर लाल श्रेष्ठ (Major Kuber Lal Shrestha)** also highlighted the major aspects of Bank's financial statement and also provided specific comments on key features of financial statements as EPS, Net profit, NPA and others. He also praised Bank for upholding its AAA rating from ECRA Nepal for the 2nd consecutive year. Also presenting some synopsis of financials of other Commercial Banks in the country, he stressed bank to increase its investment in the diverse sector which will ultimately help to increase the size of balance sheet of the Bank and also meet shareholders expectation. As bank has regularly depicted Good Governance and strict adherence to Code of Conduct he suggested Bank's Management to work with much efficiency to maintain Bank's strong position in entire market including share market.

**राजेश शाक्य** ज्यूले बैंकले आफुलाई संख्या वा आकारमा आधारित भन्दा पनि मूल्यमा आधारित बैंकको रुपमा कायम गर्न सफल भएकोमा खुशी व्यक्त गर्नुभयो । वित्तिय विवरणमा प्रकाश पार्नुहुँदै वहाँले बैंकले आगामी बर्ष अझ उत्कृष्ट नतिजा हासिल गर्न सफल हुने विश्वास व्यक्त गर्नुभयो । साथै समग्र शेयरधनीको अपेक्षा अनुसार आगामी दिनमा प्रतिफललाई समेत निरन्तर बृद्धि गर्ने तर्फ बैंकले ध्यान दिनुपर्ने मन्तव्य प्रस्तुत गर्नुभयो ।

**गुणराज भट्ट** ज्यूले बैंकले समग्र प्रतिफललाई निरन्तररुपमा बढाउँदै लगेकोमा खुशी व्यक्त गर्नुभयो । साथै, उत्कृष्टताको प्रमाण स्वरुप इक्रा नेपालले गरेको मूल्यांकनमा लगातार दोस्रो पटक AAA रेटिङ्ग पाउनुले पनि शेयरधनीहरुको मनोवलमा समेत बृद्धि भएको मन्तव्य प्रस्तुत गर्नुभयो । निक्षेप संकलन तथा कर्जा लगानीलाई विस्तार गर्दै शेयरधनीहरुको अपेक्षालाई निरन्तर सम्बोधन गर्न आग्रह गर्दै बैंकका कर्मचारीहरुको भूमिका तथा व्यवहार समेत उत्कृष्ट रहेको मन्तव्य प्रस्तुत गर्नुभयो ।

**उद्धव प्रसाद घिमिरे** ज्यूले बैंकको वासलातले समग्र अवस्थालाई स्पष्ट पारेको विचार व्यक्त गर्नुहुँदै प्रस्तावित प्रतिफल समेत कोभिड १९ ले सिर्जना गरेको प्रतिकुल परिस्थितिको आंकलन मार्फत प्रस्ताव गरिएको भन्दै खुशी व्यक्त गर्नुभयो । बैंकलाई आफ्नो लगानीको क्षेत्र विस्तार गर्न सुझाव दिँदै आगामी दिनहरुमा नेपालको अवस्थालाई मध्यनजर गर्दै अन्तर्राष्ट्रिय प्रचलन अनुसार आफ्ना कार्यहरु अगाडी बढाउन नै आग्रह गर्नुभयो ।

**शत्रुघन श्रेष्ठ** ज्यूले बैंकले आफ्नो उपस्थितिलाई देशका विभिन्न भागमा विस्तार गरेको अवस्थामा लगानी र निक्षेप संकलनको दायरामा पनि बृद्धि हुने सुझाव दिनुहुँदै आगामी दिनहरुमा समग्र मुनाफा समेत बढाउन सुझाव दिनु भयो । बैंकको निरन्तर प्रगतिको कामना गर्नुहुँदै वहाँले आगामी दिनहरुमा बैंक सफलताको शिखरमा पुगोस् भन्ने कामना समेत मन्तव्य प्रस्तुत गर्नुभयो ।

**अमृत नाथ रेग्मी** ज्यूले बैंकको कार्य सञ्चालन क्षमता उत्कृष्ट हुनुका साथै कर्मचारी उत्पादकत्व र बैंकको प्रगति समेत उत्साहजनक रहेको मन्तव्य प्रस्तुत गर्नु भयो । बैंकको वित्तिय विवरणको विविध पक्षमा चर्चा गर्नुहुँदै वहाँले आगामी दिनहरुमा देशको अर्थतन्त्रलाई थप टेवा पुग्ने गरी कार्य गर्न समेत बैंकलाई शुभकामना व्यक्त गर्नुभयो ।

**११. सभाका अध्यक्षज्यूको जवाफ**:

साधारण सभामा स्वयम् उपस्थित तथा भर्चुअल रुपमा सहभागी हुनु भएका शेयरधनीहरुलाई धन्यवाद दिनुहुँदै उहाँले शेयरधनीहरुले गर्नु भएको प्रशंसा, उठाउनु भएका जिज्ञासा तथा प्रश्नहरुको लागि पनि संचालक समितिको तर्फबाट कृतज्ञता व्यक्त गर्नु भयो । साथै, शेयरधनीहरुको धारणाबाट बैंक प्रतिको लगाव एवम् समर्पण प्रस्फुटित भएको तथा बैंकले अझ उत्कृष्ट नतिजा प्रस्तुत गर्न सहयोग पुग्ने हेतुले समालोचनात्मक दृष्टिकोणबाट विचार व्यक्त भएको र बैंकले सम्पूर्ण शेयरधनीहरुको भावनाको सदैव कदर गर्ने र सोलाई मार्गदर्शनको रुपमा ग्रहण गर्ने बताउनुभयो ।

शेयरधनीहरुले उठाउनु भएका जिज्ञाशा सम्बोधनको क्रममा वहाँले बैंकले नेपालमा रहेको अन्तर्राष्ट्रिय व्यावसायिक संस्था तथा निकायहरुको बैंकिङ्ग आवश्यकता परिपूर्ति गर्दै नेपालमा त्यस्ता संस्थाहरु मार्फत वैदेशिक लगानी भित्र्याउन बैंकले महत्वपूर्ण भूमिका खेलिरहेको धारणा व्यक्त गर्नुभयो । पछिल्लो समयमा कोभिडको प्रभावबाट बैंकलाई सुरक्षित गर्दै आगामी दिनको रणनीतिको लागि बैंकलाई तयार गर्न बैंकका व्यवस्थापन लागिपरेको जानकारी गराउनु हुँदै समग्र शेयरधनी प्रति बैंक अत्यन्त चिन्तित तथा जिम्मेवार रहेको जानकारी गराउनु भयो । साथै, नेपालमा मुख्य रुपमा लगानी गरिरहेको अन्तर्राष्ट्रिय निकाय तथा संस्थाहरुको मुख्य कार्यालय रहेको भारत, चीन, जापान, कोरिया लगायतका देशहरुमा स्ट्याण्डर्ड चार्टर्ड समुहको विस्तारित संजाल रहेको तथा त्यस्ता देशहरुबाट नेपालमा लगानी भित्र्याउन बैंकले अत्यन्तै सकारात्मक कदमहरु चालिरहेको व्यहोरा समेत शेयरधनीहरुलाई जानकारी गराउनु भयो । बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विगतमा प्रारम्भ भएका महत्वपूर्ण कार्यहरुलाई निरन्तरता दिँदै तथा नयाँ कार्यक्रमहरु मार्फत समाजमा सकारात्मक परिवर्तनहरुमा बैंकले अग्रणी भूमिका प्रस्तुत गर्न सफल भएको धारणा व्यक्त गर्नुभयो ।

अघिल्ला बर्षहरुमा शेयरधनीहरुले बैंकले प्रदान गर्ने प्रतिफलमा बोनश शेयरलाई समेत समेट्नुपर्ने धारणा व्यक्त गर्नू भएको स्मरण गर्दै बैंकले यस बर्ष नगद लाभांशका साथै बोनश शेयरलाई समेत समेटेर बैंकले समग्र शेयरधनीहरुको भावना कदर गर्ने प्रयास गरेको जानकारी गराउनु भयो । दिगो प्रतिफलको लागि बैंक प्रतिबद्ध रहेको र शेयरधनीहरुको लगानीलाई उचित रुपमा प्रयोग गरी दिगो मुनाफा आर्जनका लागि बैंक क्रियाशील रही रहने जानकारी गराउनु भयो ।

### १२. प्रमुख कार्यकारी अधिकृत अनिर्वाण घोष दास्तिदारज्यूको सम्बोधन

त्यस्तै, बैंकका प्रमुख कार्यकारी अधिकृत अनिर्वाण घोष दास्तिदार ज्यूले शेयरधनीहरुको जिज्ञासालाई सम्बोधन गर्ने क्रममा समिक्षा अवधिमा बैंकले नियमनकारी निकायहरुसँगको सहकार्यमा समग्र मुलुकको अर्थतन्त्र तथा पूँजीबजारमा दीर्घकालीन रुपमा प्रतिफल सिर्जना गर्न सक्ने किसिमका गतिविधिहरुलाई निरन्तरता दिँदै आएको धारणा राख्नु भयो । साथै, नेपालमा रहेको एक मात्र अन्तर्राष्ट्रिय बैंकको रुपमा समेत बैंकले नेपाललाई विश्वबजारमा चिनाउन उल्लेखनिय गतिविधिहरु गरिरहेको धारणा व्यक्त गर्नुभयो । साथै, नेपालमा युवा बहुल जनसंख्या रहेको तथा प्रविधिको उच्चतम प्रयोग मार्फत युवा उद्यमीहरुको व्यवसायिक पहलहरुलाई बैंकले निरन्तर रुपमा साथ दिने समेत जानकारी गराउनु भयो । साथै, बैंकका प्रविधिमा आधारित नविनतम बैंकिङ्ग सेवाहरु मार्फत अधिकतम ग्राहक र क्षेत्रमा बैंकले सेवा पुर्‍याउन अनवरत प्रयासहरु जारी राखेकोले नै बैंकले भविष्यको मार्ग स्पष्ट गरेको समेत जानकारी गराउनुभयो ।

### १३. प्रस्ताव तथा निर्णय :

अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतज्यूले शेयरधनी महानुभावहरुलाई जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने निर्णय भयो ।

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७६/०७७ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**निर्णय :**

संचालक समितिको तर्फबाट आर्थिक वर्ष २०७६/०७७ को प्रतिवेदन छलफल गरी पारित गर्ने प्रस्ताव अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुको सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ ३१ गतेको वासलात, आ.व.२०७६/०७७ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तिय विवरण उपर छलफल गरी पारित गर्ने ।

**निर्णय :**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ ३१मा समाप्त भएको वर्षको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व.२०७६/०७७ को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने प्रस्ताव सभाका अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरूको सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित भयो ।

३. संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु.४.८४ (अक्षेरुपी चार रुपैयाँ चौरासी पैसा) नगद लाभांश (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृत गर्ने ।

**निर्णय :**

संचालक समितिले प्रस्ताव गरे बमोजिम प्रति शेयर रु.४.८४ (अक्षेरुपी चार रुपैया चौरासी पैसा) का दरले नगद लाभांश स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव सभाका अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरूको सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित भयो ।

४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व.२०७७/०७८ का लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक स्वीकृत गर्ने । (बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३(२) तथा कम्पनी ऐन, २०६३ को दफा १११(३) को व्यवस्था अनुसार बहालवाला लेखापरीक्षक एस. आर. पाण्डे एण्ड कं. चार्टर्ड एकाउन्टेन्ट्स् पुनः नियूक्तिका लागि योग्य रहेको ।)

**निर्णय :**

प्रचलित कानुन बमोजिम आर्थिक बर्ष २०७७/०७८ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तय गर्ने प्रस्तावका सम्बन्धमा कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तिय संस्था सम्वन्धी ऐन, २०७३ ले व्यवस्था गरे बमोजिम वर्तमान लेखापरीक्षक पुनः नियुक्त हुन योग्य भएको जानकारी गराउँदै बैंकको लेखापरीक्षण समिति र सञ्चालक समितिले वर्तमान लेखापरीक्षक श्री एस.आर.पाण्डे एण्ड कम्पनी (चार्टर्ड एकाउन्टेन्ट्स)लाई पुनःनियुक्तिको लागि सिफारिस गरेको जानकारी अध्यक्षले गराउदै आर्थिक वर्ष २०७७/०७८ को लागि पुनः उक्त फर्मलाई नै लेखापरीक्षक नियुक्त गर्ने र उक्त फर्मलाई लेखापरीक्षण शुल्क, भ्याट तथा अन्य लेखापरीक्षणसँग सम्बन्धित खर्च समेत गरी जम्मा रु. २०,५०,०००/- (अक्षरेपी बीस लाख पचास हजार मात्र) मा नबढ्ने गरी नियुक्त गर्ने प्रस्ताव स्वीकृतिका लागि सभाका अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सो प्रस्ताव सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**ख. विशेष प्रस्ताव :**

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजीको ७ प्रतिशत (प्रति १०० शेयरमा ७ शेयर) का दरले हुन आउने रु. ५६,०८,००,१४७ (अक्षेरुपी छपन्न करोड आठ लाख एक सय सत्चालिस मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गर्ने ।

**निर्णय :**

संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पूँजीको ७ प्रतिशत (प्रति १०० शेयरमा ७ शेयर) का दरले हुन आउने रु. ५६,०८,००,१४७ (अक्षेरुपी छपन्न करोड आठ लाख एक सय सत्चालिस मात्र) बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव स्वीकृतको लागि सभाका अध्यक्ष ज्यूले पेश गर्नुभएकोमा सो प्रस्ताव सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

२. प्रबन्धपत्रको दफा ५(ख) र ५(ग) तथा नियमावलीको नियम ६(११) र ३१(३) मा संशोधन स्वीकृत गर्ने ।

**निर्णय :**

बैंकको प्रबन्धपत्रको दफा ५(ख) र ५ (ग) तथा नियमावलीको नियम ६(११) र ३१(३) मा भएको व्यवस्था संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव स्वीकृतिको लागि संचालक समितिका अध्यक्ष ज्यूले शेयरधनी महानुभावहरुलाई साधारण सभाको सूचना साथ पठाईएको तीन महले विवरणमा उल्लेखित कारणहरुले गर्दा संशोधन गर्नुपरेको जानकारी गराउनु भयो । तत्पश्चात बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधन सोही अनुसार स्वीकृत गर्ने विशेष प्रस्ताव सभाका अध्यक्षज्यूबाट पेश हुँदा सो प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट देहाय बमोजिम हुने गरी सर्वसम्मतिबाट पारित भयो ।

**प्रबन्धपत्र तर्फ :**

| | |
|---|---|
| दफा ५ (ख) | बैंकको जारी पूँजी रु. ८,५७२,२३०,८१३ (अक्षरेपी आठ अर्व सन्ताउन्न करोड बाईस लाख तीस हजार आठ सय तेह्र मात्र) हुनेछ । |
| दफा ५ (ग) | बैंकको चुक्ता पूँजी रु. ८,५७२,२३०,८१३ (अक्षरेपी आठ अर्व सन्ताउन्न करोड बाईस लाख तीस हजार आठ सय तेह्र मात्र) हुनेछ । |

**नियमावली तर्फ :**

| | |
|---|---|
| नियम ६(११) | बैंकको साधारण सभा भिडियो कन्फ्रेन्स (Video Conference) वा त्यस्तै प्रकारको अन्य प्रविधि मार्फत सम्पन्न गर्न सकिने छ । |
| नियम ३१(३) | संचालकको संयोजकत्वमा गठित समिति/उप–समितिका सदस्यहरुको बैठक भत्ता संचालक समिति सरह हुनेछ । |

३. प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै फेरवदल गर्न सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृति प्रदान गर्ने ।

**निर्णय :**

प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकाय वा कार्यालयबाट कुनै फेरवदल गर्न सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृति प्रदान गर्ने प्रस्ताव स्वीकृतिका लागि सभाका अध्यक्षज्यूबाट प्रस्तुत हुँदा सो प्रस्ताव सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरूको सर्वसम्मतिबाट पारित भयो ।

**ग. विविध**

सभाका अध्यक्षज्यूले यस विषयमा कुनै प्रस्ताव नभएको जानकारी गराउनु भयो ।

**१. धन्यवाद ज्ञापन :**

छलफलको निमित्त राखिएका प्रस्तावहरुमा सभाले निर्णय गर्ने कार्य सकिएपछि सभाका अध्यक्षज्यूले बैंकको उत्कृष्ट कार्यसम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो र चौंतीसौं वार्षिक साधारण सभामा सहभागी हुनु भई सभा सुचारु रूपले संचालन गर्न र सफल पार्न सहयोग गर्नुभएकोमा सबै शेयरधनी महानुभावहरुलाई, नियमनकारी निकायका प्रतिनिधिहरुलाई तथा सम्पूर्ण शुभचिन्तकहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**२. सभा विसर्जन :**

अन्त्यमा अपरान्ह १:४५ बजे सभाका अध्यक्षज्यूले बैंकको चौतीसौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

श्री जितेन्द्र अरोरा
**अध्यक्ष**

बिमल सिंह
**कम्पनी सचिव**